जि.प्र.का.द.नं. १४२–०५१/५२, म.क्षे.हु.नि.द.नं. ०२/०७५/७६
२०८३ भदौ १५ सोमबार
Monday 31 August 2026

# वैकल्पिक मार्गबाट इन्धन आपूर्ति व्यवस्थापन गर्दै निगम

**हिमालय टाइम्स**
काठमाडौं, १४ भदौ



रसुवास्थित भोटेकोशी बाढीबाट मुख्य राजमार्गहरू बन्द भए पनि खाना पकाउने ग्यास तथा पेट्रोलियम पदार्थको आपूर्ति प्रभावित नहुने नेपाल आयल निगमले जनाएको छ। मुख्य राजमार्ग बन्द भए पनि वैकल्पिक मार्गबाट पेट्रोलियम पदार्थ ढुवानी व्यवस्था मिलाइएको निगमले जनाएको छ। धादिङ बेनीघाट रोराङ गाउँपालिकास्थित कृष्णभिरनजिकै त्रिशूली नदीले कटान गरेर सडक भासिएपछि मुग्लिन-काठमाडौं सडकखण्ड पूर्णरूपमा अवरुद्ध हुने आंशकाबीच निगमले वैकल्पिक मार्गमार्फत् पेट्रोलियम पदार्थ र खाना पकाउने एलपी ग्यास काठमाडौं ल्याउने वैकल्पिक मार्गको तयारी थालेको जनाएको हो। निगमका कार्यकारी निर्देशक नागेन्द्र साहले राजधानी जोड्ने मुख्य सडक अवरुद्ध भएपछि मकवानपुरको वैकल्पिक मार्गबाट इन्धन भित्र्याइने बताउनुभएको छ। उहाँका अनुसार इन्धन आपूर्ति अमलेखगञ्ज डिपोबाट हुने भएकाले काठमाडौंको आपूर्तिमा समस्या हुने छैन। नेपालस्थित अमलेखगञ्ज डिपोसम्म भारतबाट पाइपलाइनबाटै पेट्रोलियम पदार्थ आपूर्ति हुने गरेको छ। केही दिनअघिको अविरल वर्षाका कारण रोकिएका अधिकांश ट्यांकर शनिबार नै काठमाडौं भित्रिसकेकाले तत्काल बजारमा इन्धन अभाव नहुने पनि निगमले जनाएको छ।

यसैबीच निगमले सरकारले सुरु गरेको रसुवा बाढीपीडितको खोज तथा उद्धार कार्यका लागि हवाई इन्धन उपलब्ध गराउँदै आएको जनाएको छ। खोज तथा उद्धार कार्यमा परिचालन भएका हेलिकप्टरका लागि आवश्यक हवाई इन्धन व्यवस्थापन गर्न निगमले नेपाली सेनासँगको समन्वयमा नुवाकोटस्थित ब्यारेकबाट रिफ्युलिङ सेवा मिलाएको छ। जसअन्तर्गत भदौ १० गतेदेखि १३ गतेसम्ममा ट्यांकर र हेलिकप्टरमार्फत् कुल ४० हजार आठ सय ४० लिटर हवाई इन्धन पठाइसकिएको र उक्त सेवा नियमित रूपमा सञ्चालन भइरहेको निगमले जनाएको छ। उद्धार कार्य थप सहज बनाउन निगमको थानकोटस्थित बागमती प्रादेशिक कार्यालयले बाढी प्रभावित क्षेत्रका पेट्रोल पम्पहरूलाई भदौ १३ गतेसम्म ७२ हजार लिटर पेट्रोल र ६२ हजार लिटर डिजेल उपलब्ध गराइएको जनाएको छ।

मागलाई मध्यनजर गर्दै सार्वजनिक बिदाका दिनमा समेत पेट्रोलियम पदार्थको बिक्री-वितरण हुने व्यवस्था मिलाइएको निगमको भनाइ छ। नेपाल ग्यास उद्योग र एलपी ग्यास उद्योग संघसँगको समन्वयमा नुवाकोट र रसुवा जिल्लाका लागि हालसम्म तीन सय ८२ थान भरी सिलिण्डरहरू राहतका रूपमा पठाइएको पनि निगमले जनाएको छ।

### बाढी प्रभावितलाई १२ सय बढी ग्यास सिलिण्डर

नेपाल एलपी ग्यास उद्योग संघले रसुवाको भोटेकोशी नदीमा आएको बाढीबाट प्रभावितका लागि एक हजारदुई सय ५० थान भरिएका एलपी ग्यास सिलिण्डर उपलब्ध गराउने भएको छ। संघले विज्ञप्ति जारी गर्दै रसुवा, नुवाकोट, धादिङ र गोरखालगायतका जिल्लामा बाढीबाट भएको ठूलो जनधनको क्षतिप्रति गहिरो दुःख व्यक्त गर्दै उक्त जानकारी गराएको हो। संघले प्रभावित नागरिकको राहत र पुनर्स्थापनामा सहयोग पुऱ्याउने उद्देश्यले आयल निगममार्फत् लक्षित वर्गलाई ग्यास सिलिण्डर उपलब्ध गराउने प्रतिबद्धता जनाएको हो। साथै संघले प्राकृतिक विपद्मा परी ज्यान गुमाएका नागरिकप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गरेको छ। संघले विपद् कुनै एक व्यक्ति वा संस्थाको मात्र समस्या नभई सबैको साझा जिम्मेवारी भएको उल्लेख गर्दै कठिन परिस्थितिमा प्रभावित नागरिकको तत्काल आवश्यकता सम्बोधन गर्न ग्यास सहयोग गर्ने निर्णय गरिएको जनाएको छ। संघका अध्यक्ष दिवानबहादुर चन्दले बाढी प्रभावित परिवारसम्म राहत सामग्री छिटो र प्रभावकारी रूपमा पुऱ्याउन संघ प्रतिबद्ध रहेको बताउनुभएको छ।

राजधानी जोड्ने मुख्य राजमार्ग अवरुद्ध भएपछि दैनिक उपभोग्य वस्तु आपूर्ति व्यवस्थापनको विकल्पबारे सरकारले छलफल सुरु गरेको छ। उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका प्रवक्ता नेत्र सुवेदीले राजधानी जोड्ने पृथ्वी राजमार्ग र रसुवा नाका बन्द हुँदा वैकल्पिक आपूर्तिको विकल्पबारे छलफल सुरु भएको बताउनुभएको हो। उहाँका अनुसार उपत्यकामा अत्यावश्यक वस्तुको अभाव हुन नदिन मन्त्रालयले साना सवारीसाधनमार्फत् भए पनि वैकल्पिक मार्गबाट सामान ल्याउने तयारी थालेको छ।

## आइटियूद्वारा नेपाललाई २० थान स्याटेलाइट फोन



अन्तर्राष्ट्रिय दूरसञ्चार संघ (आइटियू)ले बाढी प्रभावित क्षेत्रमा सञ्चार सम्पर्क सहजै स्थापित गराउन नेपाल दूरसञ्चार प्राधिकरणलाई २० थान स्याटेलाइट फोन सहयोग स्वरूप पठाएको छ। प्राधिकरणका प्रवक्ता मीनप्रसाद अर्यालका अनुसार आइटियूले शनिबार २० थान स्याटेलाइट फोन पठाएको हो। उक्त फोनहरू सरकारसँगको समन्वयमा रसुवा, नुवाकोटसहित बाढी प्रभावित क्षेत्रमा फोन पठाइने पनि उहाँले बताउनुभएकोछ। उल्लेखित फोन टावरबिना नै सञ्चालन हुने भएकाले बाढीले क्षति पुऱ्याएका स्थानमा सोझै स्याटेलाइटबाटै फोन प्रयोग गरेर चलाउन सकिने बताइएको छ। आइटियूले प्राधिकरणलाई तीन महिनाका लागि यो फोन उपलब्ध गराएकाले तीन महिनापछि फिर्ता गरिने पनि अर्यालले जानकारी गराउनुभएको छ। यसअघि दूरसञ्चार सेवा प्रदायक एनसेलले पनि सरकारलाई पाँच थान स्याटेलाइट फोन सहयोग स्वरूप उपलब्ध गराएको थियो।

## सिद्धार्थ बैंकको साढे दुई करोड बढी सहयोग




सिद्धार्थ बैंकले बाढी प्रभावितहरूको राहत, उद्धार तथा पुनःस्थापना कार्यमा सहयोग पुऱ्याउने उद्देश्यले प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा दुई करोड ५१ लाख आर्थिक सहयोग प्रदान गरेको छ। बैंकले रसुवाको भोटेकोशी तथा त्रिशूली नदी प्रणालीमा आएको विनाशकारी बाढी तथा प्राकृतिक विपद्का कारण मानवीय तथा भौतिक क्षेत्रमा ठूलो क्षति पुगेको दुःखद् परिस्थितिप्रति संवेदना व्यक्त गर्दै उक्त आर्थिक सहयोग प्रदान गरेको हो। सिद्धार्थ बैंकले विगतदेखि नै विभिन्न सामाजिक, मानवीय तथा विपद् व्यवस्थापनसम्बन्धी कार्यहरूमा सक्रिय सहभागिता जनाउँदै आएको छ। बैंकले आगामी दिनमा पनि देश तथा समाजलाई आवश्यक परेको बेला आफ्नो सामाजिक दायित्वप्रति प्रतिबद्ध रहँदै मानवीय कार्यहरूमा निरन्तर सहयोग पुऱ्याउने प्रतिबद्धता व्यक्त गरेको छ

## गोल्डस्टारले छ हजार जोर जुत्ता दिने

बाढी प्रभावित समुदायलाई गोल्डस्टार स्ट्राइड लिमिटेडले छ हजार जोर जुत्ता तथा चप्पल उपलब्ध गराउने भएको छ। कम्पनीले प्रभावितका लागि अत्यावश्यक राहत सामग्रीका रूपमा जुत्ता तथा चप्पल उपलब्ध गराइने जनाएको हो। प्रभावित प्रत्येक परिवार र उद्धार तथा राहतमा खटिरहेका व्यक्तिसँग आफूहरू साथमा रहेको पनि कम्पनीले जनाएको छ।

## बुद्ध र यती एयरमा निःशुल्क ढुवानी

बुद्ध एयरले वेबसाइट तथा मोबाइल एपमार्फत् टिकट खरिद गर्ने यात्रुलाई तीन सय रुपैयाँ छुट दिने भएको छ। बाढी पहिरोका कारण उत्पन्न विषम परिस्थितिमा राहत सामग्रीको हवाई ढुवानीसमेत निःशुल्क गर्ने भएको छ। भोटेकोशी क्षेत्रमा आएको बाढी पहिरोबाट भएको जनधनको क्षतिप्रति गम्भीर रहेको जनाउँदै बुद्ध एयरले हवाई भाडादरमा कुनै परिवर्तन नगरेको पनि स्पष्ट पारेको छ। बुद्धले यात्रुलाई टिकट खरिद गर्नुअघि आफ्नो वेबसाइट वा मोबाइल एपमार्फत् हवाई भाडादर हेर्न आग्रह गरेको छ। राहत सामग्री संकलन तथा हवाई ढुवानीका लागि गृह मन्त्रालयको निर्णयअनुसार निःशुल्क व्यवस्था गरिएको र बाटोघाटो सहज नभएसम्म हाल कायम भाडादर नै लागू हुने बुद्ध एयरले स्पष्ट पारेको छ।

त्यसैगरी यती एयरलाइन्सले पनि विपद् प्रभावित क्षेत्रमा पठाइने राहत सामग्री निःशुल्क ढुवानी गर्ने र यात्रुका लागि न्यूनतम भाडादरमा दिँदै आएको सेवा केही दिन अझै निरन्तरता दिने जनाएको छ।

## मोतिदानद्वारा २० लाख बढी सहयोग

मोतिदान कन्स्ट्रक्सन सेवा प्रालिले प्रधानमन्त्री दैवी प्रकोप उद्धार तथा राहत कोषमा २० लाख १० हजार रुपैयाँ सहयोग गरेको छ। बाढी प्रभावित क्षेत्रका नागरिकहरूको राहत, उद्धार तथा पुनर्स्थापनामा सहयोग पुऱ्याउने उद्देश्यले सहयोग गरिएको प्रालिका अध्यक्ष विकास गौतमले बताउनुभयो। रसुवाको भोटेकोशी नदीमा आएको बाढीका कारण जनधनको क्षति हुनुका साथै ठूलो संख्यामा नागरिक प्रभावित भएको कठिन परिस्थितिमा पीडित परिवारको राहत तथा उद्धार कार्यमा सहयोग पुऱ्याउनु निजी क्षेत्र र निर्माण व्यवसायीको पनि दायित्व हुने भएकाले सहयोग प्रदान गरिएको उहाँको भनाइ थियो।

## त्रिवेणी समूहको दुई करोड ११ लाख



त्रिवेणी समूहले प्रधानमन्त्री दैवी प्रकोप उद्धार तथा राहत कोषमा दुई करोड ११ लाख रुपैयाँ सहयोग गरेको छ। त्रिवेणी समूहका अध्यक्ष सुभाषचन्द्र संघईले एक कार्यक्रमबीच उक्त रकम बराबरको चेक अर्थमन्त्री डा. स्वर्णिम वाग्लेलाई हस्तान्तरण गर्नुभएको हो। प्राकृतिक विपद्को चुनौतीपूर्ण समयमा त्रिवेणी समूहको उक्त सहयोगले प्रभावित नागरिकहरूको राहत तथा पुनर्स्थापनामा सहयोग पुग्ने कम्पनीले विश्वास व्यक्त गरेको छ। चेक हस्तान्तरण कार्यक्रममा त्रिवेणी समूहका निर्देशकहरू गोविन्दलाल संघई, हर्षवर्धन संघई तथा साकेत संघईको उपस्थिति थियो।

## विदेशबाट सहयोग पठाउन आइएमईमार्फत् निःशुल्क सुविधा

प्राकृतिक विपद्को संवेदनशील समयमा विदेशमा रहेका नेपाली तथा नेपालमा सहयोग गर्न चाहनेलाई आइएमईमार्फत् नेपालमा निःशुल्क पैसा पठाउन सकिने भएको छ। विदेशमा रहेका नेपाली तथा अन्य सहयोगी मनहरूले प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोष तथा प्रधानमन्त्री राहत कोषको नाममा विभिन्न बैंकमा रहेका खातामा आइएमईमार्फत् सिधै निःशुल्क रकम जम्मा गर्न सक्नेछन्। नेपालभित्रबाट समेत खल्तीबाईआइएमईबाट पनि सरकारको कोषमा सिधै निःशुल्क रकम जम्मा गर्न सकिने व्यवस्था रहेको छ। आइएमईले विपद्को कठिन समयमा सबैलाई आफ्नो क्षमता र सामर्थ्यअनुसार सहयोगका लागि हातेमालो गर्न आह्वान गर्दै प्रभावित परिवारहरूको दुःखमा साथ दिन तथा राहत र पुनर्स्थापना प्रयासमा सरकारलाई हरसम्भव सहयोग पुऱ्याउन सबैमा अपिलसमेत गरेको छ।

## नाइमाको ५० लाख सहयोग

नेपाल अटोमोबाइल इम्पोर्टर्स एण्ड म्यानुफ्याक्चरर्स एसोसिएसन (नाइमा) ले बाढीबाट प्रभावित नागरिकको राहत तथा पुनःस्थापनामा सहयोग पुऱ्याउन प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा ५० लाख सहयोग गर्ने भएको छ। साथै, बाढीबाट भएको मानवीय तथा भौतिक क्षतिप्रति गहिरो दुःख व्यक्त गर्दै नाइमाले विपद्को घडीमा आफ्ना सदस्य संस्थाहरूले गरेको सहयोगको प्रशंसा गरेको छ। विपद्को सुरुवातदेखि नै नाइमाका सदस्य कम्पनीहरूले आर्थिक, यातायात तथा लजिस्टिक सहयोगलगायत विभिन्न माध्यमबाट उद्धार तथा राहत कार्यमा योगदान पुऱ्याउँदै आएका छन्।

नाइमाले आफ्नो स्थापनाकालदेखि नै विपद् तथा आपत्कालीन अवस्थामा सरकार तथा प्रभावित समुदायलाई सहयोग गर्दै आएको अध्यक्ष ऋतु सिंह वैद्यले बताउनुभयो। उहाँले भन्नुभयो, 'यस्तो कठिन समयमा सरकार र प्रभावित नागरिकलाई सहयोग गर्नु निजी क्षेत्रको पनि साझा दायित्व हो। यस विपद्मा सहयोग र सहकार्यका लागि तत्परता देखाउनुभएका हाम्रा सम्पूर्ण सदस्य कम्पनीहरूप्रति हार्दिक धन्यवाद व्यक्त गर्दछु। सरकार, निजी क्षेत्र र समुदायबीचको सहकार्यले नै राहत तथा पुनःस्थापना प्रभावकारी बनाउन सक्छ।'


## बाढीपीडितलाई सोनामको २० लाख

नेपाली गार्मेन्ट कम्पनी सोनाम गियरले बाढी प्रभावित क्षेत्रका नागरिकको राहत तथा व्यवस्थापनका लागि २० लाख रुपैयाँ आर्थिक सहयोग गरेको छ। विपद्मा परेका नागरिकलाई तत्काल सहयोग पुऱ्याउने उद्देश्यले कम्पनीले उक्त रकम प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा गरेको हो। कम्पनीले शनिबार कनेक्ट आइपिएस प्रणालीमार्फत् डिजिटल रूपमा उक्त रकम सरकारको खातामा ट्रान्सफर गरिएको जनाएको छ। सोनाम गियरका सञ्चालक टासी छोन्बे नेपालीले प्राकृतिक विपत्तिको यस घडीमा पीडित परिवारको राहत व्यवस्थापनका लागि संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत सहयोग गरेको बताउनुभएको छ।

## कामनाको २५ लाख सहयोग

कामना सेवा विकास बैंकले रसुवाको भोटेकोशी नदीमा आएको बाढीबाट प्रभावित नागरिकको राहत, उद्धार तथा पुनःस्थापना कार्यमा सहयोग पुऱ्याउने उद्देश्यले २५ लाख रुपैयाँ आर्थिक सहयोग प्रदान गरेको छ। बैंकको सञ्चालक समितिको निर्णयअनुसार बैंकको संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत १० लाख तथा बैंकमा कार्यरत कर्मचारीको एक दिनको तलबबापत १५ लाख गरी कुल २५ लाख रुपैयाँ सहयोग गर्ने निर्णय गरिएको बैंकले जनाएको छ। उक्त सहयोग रकम प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा गरिएको पनि बैंकले जनाएको छ।

## अर्घाखाँची सिमेन्टको सहयोग




अर्घाखाँची सिमेन्टले बाढी प्रभावितको राहत तथा उद्धारका लागि एक करोड ११ लाख रुपैयाँ सहयोग गरेको छ। सिमेन्ट उद्योगका सञ्चालक पशुपति मुरारकाले आइतबार अर्थमन्त्री डा. स्वर्णिम वाग्लेलाई एक करोड ११ लाख रुपैयाँको चेक हस्तान्तरण गर्नुभएको हो। राहतका लागि सहयोग गरिएको उक्त रकम सरकारी संयन्त्रमार्फत् प्रभावित क्षेत्रमा परिचालन गरिनेछ। सो अवसरमा व्यवसायीहरू राजेश अग्रवाल, मनोज केडियालगायतको उपस्थिति थियो।

## बाढी प्रभावितलाई डिसहोमको निःशुल्क सेवा

विनाशकारी बाढी तथा पहिरोबाट प्रभावित ग्राहक तथा उपभोक्ताप्रति सहयोग र ऐक्यबद्धता जनाउँदै डिसहोमले विपद् प्रभावित क्षेत्रमा डिसहोम इन्टरनेटका ग्राहकलाई प्रभावित अवधिभर निःशुल्क इन्टरनेट सेवा उपलब्ध गराएको छ। प्राकृतिक विपद्का कारण दैनिक जनजीवन प्रभावित भइरहेका बेला सूचना, सञ्चार तथा आपत्कालीन समन्वयमा इन्टरनेट सेवाको महत्त्वपूर्ण भूमिका रहने भएकाले प्रभावित ग्राहकलाई १५ दिनको थप निःशुल्क इन्टरनेट सेवा उपलब्ध गराइने कम्पनीले जनाएको छ। कम्पनीका अनुसार डिसहोम इन्टरनेटको पहुँच पुगेका त्रिशूली, बट्टार, गल्छी, आदमघाट र मलेखुमा निःशुल्क सेवा उपलब्ध हुनेछ।

## सिटी एक्सप्रेसद्वारा सेवा शुल्क छुट

सिटी एक्सप्रेसले मनि ट्रान्सफरमार्फत् विश्वका विभिन्न मुलुकबाट नेपाल पैसा पठाउँदा लाग्ने सेवा शुःल्क पूर्णरूपमा छुट दिएको छ। भोटेकोशीमा आएको विनाशकारी बाढीबाट प्रभावित परिवारलाई तत्काल आर्थिक सहयोग पुऱ्याउने उद्देश्यले सेवा शुल्क छुटको निर्णय गरिएको कम्पनीले जनाएको छ। कम्पनीले विपद्को कठिन घडीमा विदेशमा रहेका नेपालीले आफ्ना परिवारलाई सहज, छिटो र पूर्ण रकमसहित आर्थिक सहयोग पठाउन सकून् भनेर विशेष सुविधा ल्याएको जनाएको छ। कम्पनीका अनुसार खाडी मुलुकका संयुक्त अरब इमिरेट्स (युएई), साउदी अरब, कतार, कुवेत, ओमानका साथै एसिया-प्रशान्त क्षेत्रका जापान, दक्षिण कोरिया, मलेसिया र अष्ट्रेलियाबाट पनि निःशुल्क रेमिट्यान्स सेवा उपलब्ध हुनेछ। त्यस्तै बेलायत, रोमानिया, पोर्चुगल, माल्टा, डेनमार्क, क्रोएसिया, स्वीडेन, नर्वे, जर्मनी र फ्रान्स, ओसनिया क्षेत्रमा रहेको न्युजिल्याण्डबाट नेपाल पैसा पठाउँदा पनि सेवा शुल्क लाग्ने छैन।

## आर्या फार्माको औषधि सहयोग

बाढी प्रभावित नागरिक तथा परिवारहरूको उद्धार, राहत तथा स्वास्थ्य उपचारमा सहयोग पुऱ्याउने उद्देश्यले आर्या फार्माल्याबले नेपाल सरकारलाई आवश्यक औषधिहरू सहयोग स्वरूप उपलब्ध गराएको छ। आर्या फार्माल्याबले बाढी तथा विपद् प्रभावित क्षेत्रमा रहेका स्वास्थ्य चौकी तथा स्वास्थ्य स्वयंसेवकका लागि आवश्यक स्वास्थ्य उपचारसम्बन्धी ८२ लाख ५१ हजार सात सय ५० रुपैयाँ मूल्य बराबरको औषधिहरू उपलब्ध गराएको हो। साथै, प्रभावितहरूको स्वास्थ्य उपचारमा थप सहयोग आवश्यक रहेको खण्डमा कम्पनीले उपचारमा आवश्यक उपकरण तथा औषधिहरू सहयोग स्वरूप उपलब्ध गराउने प्रतिबद्धतासमेत व्यक्त गरेको छ।

## एनआइएमबीको पाँच करोड बढी सहयोग

नेपाल इन्भेस्टमेन्ट मेगा बैंक लिमिटेड (एनआइएमबी)ले विनाशकारी बाढीबाट प्रभावित नागरिकको खोज, उद्धार, राहत तथा पुनःस्थापनाका लागि प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा पाँच करोड एक लाख रुपैयाँ आर्थिक सहयोग गरेको छ। बैंकले प्राकृतिक विपद्का कारण रसुवा, नुवाकोट, धादिङ, गोरखा, तनहुँ, चितवनलगायत जिल्लामा मानवीय तथा भौतिक क्षतिका साथै नागरिकको दैनिक जीवन प्रभावित भइरहेको अवस्थालाई ध्यानमा राख्दै उक्त सहयोग गरिएको जनाएको छ। साथै बैंकले बाढीमा परी ज्यान गुमाएका नागरिकप्रति श्रद्धाञ्जली व्यक्त गर्दै शोकसन्तप्त परिवारजनमा गहिरो समवेदना प्रकट गरेको छ।

# इलेक्ट्रिक तथा कन्ज्युमर इलेक्ट्रोनिक्स मेला स्थगित

**काठमाडौं।** मिडिया स्पेस सोलुसन्स प्रालि, एक्जिबिसन एण्ड ट्रेड सर्भिसेस इण्डिया प्रालि तथा फ्युचरेक्स ट्रेड फेयर एण्ड इभेन्ट प्रालिको संयुक्त आयोजनामा भदौ १९ देखि २१ गतेसम्म काठमाडौंको भृकुटीमण्डपमा आयोजना हुने तय भएको 'नेपाल इलेक्ट्रिक, पावर, लाइट तथा नेपाल कन्ज्युमर इलेक्ट्रोनिक्स एण्ड होम अप्लायन्सेस अन्तर्राष्ट्रिय प्रदर्शनी' स्थगित भएको छ। हाल नेपालमा आएको विनाशकारी बाढी पहिरोका कारण सिंगो देश अत्यन्तै कठिन र दुःखी परिस्थितिबाट गुज्रिरहेको र प्राकृतिक विपत्तिले पुऱ्याएको ठूलो जनधनको क्षति र नागरिकहरूले भोग्नुपरेको अपार कष्टबीच व्यापारिक प्रदर्शनी सञ्चालन गर्नु मानवीय दृष्टिकोणले पनि उचित देखिएको आयोजकले जनाएको छ। आयोजकका अनुसार देश राष्ट्रिय शोक र पुनर्निर्माणको संवेदनशील घडीमा हुनुका साथै नेपाल सरकारद्वारा जारी सुरक्षा सचेतना तथा भारत र चीन सरकारले आफ्ना नागरिकहरूका लागि जारी गरेको ट्राभल एडभाइजरीलाई ध्यानमा राख्दै कठिन निर्णय लिएको हो। आयोजकले अवस्था सामान्य भई यातायात र पूर्वाधार सुचारु भएपछि प्रदर्शनीको नयाँ मिति सार्वजनिक गरिने जानकारी गराउँदै प्राकृतिक विपत्तिमा पर्न गएको असुविधाप्रति क्षमायाचनासमेत गरेको छ।

इम्प्रेसन पब्लिकेसन एण्ड मिडिया प्रा. लि. द्वारा प्रकाशित, **मुद्रण** : नेपाल न्यूज नेटवर्क इन्टरनेशनल प्रा.लि., दुवाकोट, भक्तपुर, **कार्यालय** : मध्यवानेश्वर, काठमाडौं, **फोन** : ४५६६३९३, ४५८०५५४, पो.ब.नं. ११६७२, Email: hitadaily@gmail.com, **कार्यकारी निर्देशक** : उज्ज्वल शर्मा, **सम्पादक** : पुरुषोत्तम दाहाल
CMYK